# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग २६ गते २०२९ साल

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालयको
### सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राजपत्र भाग ३ खण्ड १७ संख्या ८ मिति ०२४।२।२२ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण ३ (११) मा उल्लेखित सुर्ती र सुर्तिबाट बन्ने बस्तुहरूमा नियन्त्रण गरेकोमा मिति २०२९।३।१७ को निर्णय अनुसार भारतबाट सिगार पैठारी गर्न अनुमती लिन नपर्ने गरी संशोधन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

शिवनारायण दास
श्री ५ को सरकारको सचिव

8C2



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग वाणिज्य मन्त्रालयको

## सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २२ संख्या २३ मिति ०२९।६।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनामा नं. १२ देखि १४ सम्म गरी देहायका बस्तुहरू पनि समावेश गरेको छ।

१२. कस्तूरी
१३. रौंबाट बनेको माल
१४. पारो (मर्करी)

आज्ञाले–
पी. बी. बिष्ट
श्री ५ को सरकारको का. मु. सचिव

४८४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।